शुद्धोदन गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः८ संख्या : १२ मितिः- २०८१/०९/१९ (अतिरितांक)

भाग — २

शुद्धोदन गाउँपालिका

मानपकड़ी, लुम्बिनी प्रदेश

## शुद्धोधन स्थानीय विकास कोष (सा. वि. कोष) सामाजिक परिचालन संचालन कार्यविधि, (पहिलो संसोधन २०८१)

सम्बत २०८१ को कार्यविधि नं. १२ गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०९/१९

स्थानीय विकास कोष (सा. वि. कोष) सामाजिक परिचालन संचालन कार्यविधि, (पहिलो संसोधन २०८१)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

स्थानीय तहमा सामाजिक परिचालनको माध्यमबाट विपन्न तथा विकासको मूल प्रवाहबाट पछाडी परेका नागरिकहरुलाई उनीहरुको काम, कर्तव्य तथा हक अधिकारका बारेमा चेतनशील गराई मुलुकको विद्यमान सम्पूर्ण आर्थिक सामाजिक संरचनालाई विकासको मूलधारमा ल्याउन र नागरिकको आवाज एवम् मागलाई सम्बोधन गर्दै सेवा प्रवाहलाई समावेशी, उत्तरदायी एवम् जवाफदेही बनाउन सरकारी, गैरसरकारी, निजी तथा समुदायमा आधारित संघसंस्थाहरु समेतको सहकार्यमा स्थानीय तहको गरिबी न्यूनीकरण र दीगो विकासको अवधारणालाई संस्थागत गर्दै सम्मृद्ध नेपाल निर्माण गर्ने कार्यमा सहयोय पुऱ्याउन र विद्यमान अवस्थाको सामाजिक परिचालन कार्यलाई व्यवस्थित गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँ कार्यपालिकाबाट मिति २०८१/०९/१९ गते पारित गरी स्थानीय विकास कोष (सा. वि. कोष) सामाजिक परिचालन संचालन कार्यविधि, (पहिलो संसोधन २०८१) जारी गरिएको छ ।

परिच्छेद-१

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम " शुद्धोधन गाउँपालिकाको स्थानीय विकास कोष, सा. वि. को. (सञ्चालन कार्यविधि) कार्यविधि, २०८० रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "गाउँपालिका" भन्नाले शुद्धोधन गाउँपालिका सम्झनु पर्दछ ।

(ख) "सभा" भन्नाले शुद्धोधन गाउँपालिकाको गाउँसभा सम्झनु पर्दछ ।

(ग) "गाउँ कार्यपालिका" भन्नाले शुद्धोधन गाउँपालिका गाउँकार्यपालिका सम्झनु पर्दछ ।

(घ) "प्रमुख" भन्नाले शुद्धोधन गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ङ) "उपप्रमुख" भन्नाले गाउँपालिका उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले शुद्धोधन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(छ) "सामुदायिक संस्था" भन्नाले वडाका बस्तीस्तरमा महिला पुरुष समुहहरु छुट्टाछुट्टै वा मिश्रित रुपमा संगठित भएको समुहलाई सम्झनुपर्छ । यसलाई संक्षिप्तमा सा. सं. पनि भनिनेछ ।

(ज) "अध्यक्ष/मेनेजर" भन्नाले वडास्तरमा गठित सा. सं. को अध्यक्ष/मेनेजरलाई सम्झनुपर्छ । यसलाई संक्षिप्तमा अ. मे. पनि भनिनेछ

(झ) "अध्यक्ष/मेनेजर भेला" भन्नाले वडा स्तरमा वा वडास्तरीय गठित सामुदायिक संस्थाका अध्यक्ष मेनेजरहरु सञ्चालन गर्ने भेलालाई सम्झनुपर्छ । यसलाई संक्षिप्तमा अ./मे. भेला पनि भनिनेछ ।

(ञ) "समिति" भन्नाले गाउँपालिका स्तरीय र वडास्तरीय समितिलाई सम्झनुपर्छ ।

(ट) "सदस्य" भन्नाले सा. स. का सदस्यहरुलाई सम्झनुपर्छ ।

(ठ) "जिल्ला समन्वय समिति" भन्नाले जिल्ला समन्वय समिति रुपन्देहीलाई सम्झनुपर्दछ । यसलाई संक्षिप्तमा जि. स. स. पनि भनिनेछ ।

(ड) "स्थानीय विकास कोष" भन्नाले गाउँपालिकाका वडाहरुमा सञ्चालित साविक जिल्ला विकास समिति ,स्थानीय विकास कोष द्वारा गठित एवं हस्तान्तरित कोषहरुको संस्था गाँउ विकास कार्यक्रमलाई सम्झनु पर्दछ ।



(ढ) "स्थानीय सेवा प्रदायक" भन्नाले स्थानीय तहमा रहेका सरकारी तथा गैरसरकारी संस्था वा सम्बन्धित वडा समिति तथा अन्य क्षेत्रमा सामाजिक परिचालनको कार्य गर्ने संस्थालाई सम्झनु पर्दछ ।

(ण) "सामाजिक परिचालन" भन्नाले आम नागरिकहरुलाई समूहमा संगठित गरी आर्थिक, सामाजिक तथा साँस्कृतिक सशक्तिकरणका माध्यमवाट उनीहरुको व्यक्तिगत, पारिवारिक तथा सामाजिक जीवनमा सकारात्मक परिवर्तन ल्याउने प्रक्रियालाई जनाउँछ ।

३. ऐनको उद्देश्य

(क) सामाजिक परिचालन कार्यलाई व्यवस्थित गर्ने ।

(ख) स्थानीय तहमा सामाजिक परिचालन कार्यको प्रयोगमा एकरुपत ल्याउने ।

(ग) सामाजिक परिचालनको क्षेत्रमा साझा अवधारणा बनाउने ।

(घ) साविक जिल्ला विकास समिति स्थानीय विकास कोषबाट संचालनमा रहेको सामुदायिक विकास कोषलाई गाउँपालिकामा आन्तरिकरण गर्ने ।

(ङ) स्थानीय स्तरमा उपलब्ध श्रोत र साधनको समुचित रुपमा परिचालन गर्न सक्षम नेतृत्वको विकास गर्ने ।

(च) सामुदायिक संस्थामा संकलित बचत, सामुदायिक संस्थाहरुबीच कार्यगत समन्वय, वित्तीय अनुशासन र स्थानीय विकास कोषको दक्षता अभिवृद्धि गर्ने पक्षहरुमा केन्द्रित भई परिचालन गर्ने ।

(छ) संगठन, बचत र सीपको अधिकतम प्रयोग गरी नागरिकहरु विशेषगरी विपन्न वर्गको विकासको लागि विद्यमान आर्थिक, सामाजिक, सांस्कृतिक तथा अन्य संरचनागत अवरोधहरु हटाई नागरिकहरुको जीवनस्तर माथि उठाउने ।

(ज) समुदायहरुलाई आपसी सद्भाव मेलमिलाप र सहयोगबाट सामाजिक पूँजी निर्माण गरी आफ्ना समस्याहरु समाधान गर्न सक्षम गराई समाजमा सहिष्णुता बढाउने ।

(झ) विद्यमान अवस्थामा (साविकका गाविसहरु सौ फर्साटिकर) शुद्धोधन गाउँपालिकामा स्थानीय विकासकोष मार्फत सञ्चालित सामाजिक परिचालनलाई व्यवस्थित गर्ने ।

(ञ) स्थानीय विकास कोष कार्यक्रम संचालन नभएका वडाहरुमा क्रमशः संचालन गर्दै जाने ।

परिच्छेद-२

**सामाजिक परिचालन प्रक्रिया सम्बन्धी व्यवस्था**

**४. सामाजिक परिचालन प्रक्रियाः**

सामाजिक, आर्थिक रुपमा पछि परेका नागरिक तथा समुदायहरुलाई स्थानीय स्तरका निणर्यप्रक्रियाहरुमा सक्रिय रुपमा सहभागी गराई सार्वजनिक स्रोत, साधन, सेवा र अवसरहरुमा समतामूलक पहुँच स्थापित गरी नागरिकहरुको जीवनस्तरमा सुधार ल्याउन निम्न प्रक्रिया अवलम्वन गरिनेछः

(क) स्थानीय विकास कोष हस्तान्तरित कार्यक्रम गाउँपालिकाको आफ्नो कार्यक्रम भएकाले हरेक वडाका बस्तिहरुमा क्रमशः विस्तार गरिनुका साथै हाल स्थानीय तहमा सञ्चालन हुदै आएका तथा भविष्यमा सञ्चालन हुने सम्पूर्ण संघ संस्थाहरुलाई स्थानीय विकास कोष कार्यक्रमसँग समन्वय गरी सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।

(ख) स्थानीय विकास कोषमा आवद्ध सदस्यहरुमा संगठन, बचत र सीप सहित सामाजिक रुपान्तरण प्रक्रियालाई अगाडि बढाउँदै लगिनेछ ।

(ग) सामुदायिक संस्थाहरुलाई परिपक्वता हासिल गरे पश्चात सहकारीमा रुपान्तरण हुन प्रोत्साहित गरिनेछ ।



घ) सामाजिक परिचालन मार्फत स्थानीय जनताको जिविकोपार्जनमा सहयोग पुरयाउन तथा स्थानीय संघ संस्था/समुह मार्फत लगानी गरी स्थानीय जनतालाई प्रत्यक्ष रुपमा आर्थिक विकास रोजगारी आय आर्जनमा सहयोग पुराउन गाउँपालिकाद्धारा स्थानीय विकास कोषमा प्रतेक आर्थिक बर्ष सभा मार्फत रकम विनियोजन गर्न सक्नेछ ।त्यसरी कोषमा प्राप्त रकम गाउँपालिकाको स्थानीय विकास

कोष (सामुदायिक विकास कोष) सामाजिक परिचालन समितिको निर्णय बमोजिम कोष अन्तर्गत बिभिन्न संघ सस्था/समुह लाई लगानी गर्न सक्नेछ ।

(ङ) स्थानीय विकास कोष मार्फत विभिन्न संघसंस्था/समुहलाई लगानी गर्दा संघसंस्था/समुहको मुल पुँजिको ५० प्रतिशत भन्दा बढी नबढने गरी रकम परिचालन गर्न सकिनेछ वा कोषको अवस्था हेरी गाउँपलिका सामाजिक परिचालन समितिको बैठक बाट थपघट गरी ऋण परिचालन गर्न सकिनेछ ।

परिच्छेद-३

**संस्थागत व्यवस्था: स्थानीय विकास कोष (सा. वि. कोष)**

**५. सामाजिक परिचालन समितिः**

सामाजिक परिचालनको कामलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउनका लागि गाउँपालिकाको प्रमुखको संयोजकत्वमा देहाय अनुसारको स्थानीय विकास कोष (सा. वि. कोष) सामाजिक परिचालन समिति गठन गरिनेछ । समितिले सामाजिक परिचालनको कार्यमा संलग्न रहेका संस्थाहरुलाई सामाजिक परिचालनको विधि र प्रक्रियामा प्रष्टता ल्याउन, उनीहरुको क्षमता विकास गर्न सम्बन्धित विभिन्न निकायहरु वीच समन्वयात्मक रुपमा सामाजिक परिचालन कार्यक्रम कार्यान्वयन गराउन स्थानीय तहलाई आवश्यक सुझाव सहित नीतिगत समन्वय गर्नेछ ।

(१) सामाजिक परिचालन समितिको गठनः

सामाजिक परिचालन समितिको गठन देहाय बमोजिम हुनेछः

(क) गाउँपालिकाको अध्यक्ष/प्रमुख- संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष — सदस्य

(ग) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत-सदस्य

(घ) गाउँपालिका आर्थिक विकास समिति संयोजक- सदस्य

(ङ) गाउँपालिका सामाजिक विकास समिति संयोजक- सदस्य

(च) गाउँपालिका अन्तर्गत कृषि/पशु, सहकारी, वन तथा वातावरण समितिका प्रतिनिधि एक एक जना गरी- २ जना सदस्य

(छ) गाउँ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समितिबाट महिला प्रतिनिधि- एक जना सदस्य

(ज) गाउँपालिका स्थानीय विकास कोषका उद्यम विकास सहजकर्ता अधिकृत- सदस्य सचिव

(२) गाउँपालिका स्तरमा सामाजिक परिचालनको काम गर्ने कार्य अन्य नि वा संस्थाहरुले यस कार्यक्रम सँग निकटतम सहकार्य र कार्यगत तालमेल गर्नु ती संस्थाहरुको कर्तव्य हुनेछ । यसरी सहकार्य तथा साझेदारीमा काम गर्ने संघ संस्थाका प्रतिनिधिहरु तथा संस्थाका अध्यक्ष मेनेजरलाई सामाजिक परिचालन समितिको बैठकमा आमन्त्रित गर्न सकिनेछ ।

(३) सामाजिक परिचालन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) सामाजिक परिचालन समितिको समन्वयमा गाउँ क्षेत्रमा गाउँपालिका वा अन्य निकायहरुद्वारा सञ्चालित सामाजिक परिचालन सम्बन्धी कार्यक्रमहरुको नियमित रुपमा अनुगमन गर्ने, सुझाव दिने तथा सामाजिक परिचालन सम्बन्धी स्थानीयस्तरका नीति नियमहरुको तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने,



(ख) गाउँपालिका लगायत अन्य विभिन्न संस्थाहरुद्वारा सञ्चालित सामाजिक परिचालन कार्य वीच समन्वय गर्ने र सोको चौमासिक र बार्षिक प्रतिवेदन गाउँपालिकामा पठाउन निर्देशन दिने,

(ग) सामाजिक परिचालन कार्यान्वयन कार्यतालिका तयार गर्ने र सो अनुसार काम भए नभएको यकिन गर्ने र कार्यतालिका अनुसार काम नगरेको पाइएमा सम्बन्धित पक्षलाई कार्यक्रम सञ्चालन गर्न सुझावदिने/सचेत गराउने,

(घ) जीविको पार्जन सुधार कार्यक्रमको नियमित रुपमा अनुगमन गरी सुझाव तथा पृष्ठपोषण दिने,

(ङ) स्थानीय वडाका सामुदायिक विकास कोषको अनुगमन तथा मूल्यांङ्कन नियमित रुपमा गर्ने र कोषको मासिक, चौमासिक, बार्षिक प्रगति र कोषको बार्षिक लेखा परिक्षण तथा संस्था समुहको बार्षिक लेखा परिक्षण अनिवार्य कोष तथा संस्थाहरुलाई गाउँपालिका स्थानीय विकास कोषमा बुझाउन निर्देशन दिनेछ ।

(च) स्थानीय विकास कोष सञ्चालक समितिबाट प्राथमिकिकरण भई पेश हुन आएका कार्यक्रमहरुलाई प्रकृयागत रुपमा योजना तर्जुमा समिति हुदै गाउँ सभामा पेश गर्न सहयोग गर्ने,

(छ) गाउँपालिकास्तरमा सामाजिक परिचालन सम्बन्धी अन्य क्रियाकलापहरु गर्न सम्बन्धित निकायलाई सहयोग पुऱ्याउने

(ज) सामाजिक परिचालन एवं स्थानीय विकास कोष मार्फत भए गरेका कामको अनुगमन र मूल्यांकन सामाजिक परिचालन समितिले गर्नेछ र त्यसको प्रतिवेदन अर्धवार्षिक रुपमा गाउँपालिका स्थानीय विकास कोषमा बुझाउन निर्देशन दिनेछ ।

परिच्छेद-४

**कोषको स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था**

**६. स्थानीय विकास कोष (सामाजिक परिचालन सा.वि.कोष) स्थापना र सञ्चालनः**

(१) गाउँपालिका स्तरमा एउटा स्थानीय विकास कोष (सा. वि. को.) स्थापना गरिनेछ ।

(२) स्थानीय विकास कोषमा देहाय अनुसारको रकम रहनेछः

(क) गाउँपालिकाबाट प्रत्येक आर्थिक बर्ष कार्यक्रम संचालन तथा ऋणपुँजि घुम्तीकोष वाफत सभा मार्फत बजेट विनियोजित भएको रकम ।

(ख) साविकका सामुदायिक विकास कोषमा रहेको लगानी एवं बैंकमा रहेको वचत रकम र सो रकमबाट आर्जन भएको व्याज,

(ग) सरकारी तथा गैरसरकारी संघसस्था एवं अन्य निकायवाट सामाजिक परिचालन सम्बन्धी कार्यक्रम सञ्चालनका लागि प्राप्त रकम,

(घ) जिल्ला समन्वय समितिबाट प्राप्त घुम्ती कोष र अन्य रकम

(३) कोष स्थापना हुनु अघि सामुदायिक विकास कोषमा रहेको रकम यसै कोष मार्फत भएको मानिनेछ ।

(४) उपदफा (१) बमोजिमको कोषको खाता सञ्चालन शुद्धोधन गाउँपालिका सामाजिक परिचालन सम्बन्धी कार्यविधि २०७५ दफा १०को (क) बमोजिम गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत र स्थानीय विकास कोषका उद्यम विकास सहजकर्ता अधिकृतको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(५) कोषको लेखा परीक्षण बार्षिक रुपमा गाउँपालिका सामाजिक परिचालन समितिले वा गाउँपालिकाले तोकेको रजिस्टार लेखा परीक्षकबाट लेखा परिक्षण गराउने ।

(६) स्थानीय विकास कोषमा देहाय बमोजिमका खाताहरु रहनेछनः

(क) कार्यक्रम सञ्चालन खाता

(ख) ऋणपूँजी खाता

(ग) कर्मचारी कल्याण कोष खाता



(७) स्थानीय विकास कार्यक्रम लागु भएको वडाको अतिरिक्त कार्यपालिकाको निणर्यमा अन्य वडामा समेत विस्तार गर्न सकिनेछ ।

(८) स्थानीय विकास कोष (सा. वि. कोष)मा लगानी रहेको घुम्ती कोषको परिचालनबाट प्राप्त भएको व्याजलाई सतप्रतिशत मानि सोको अधिकतम ६० प्रतिशत रकम स्थानीय विकास कोष कर्मचारी कल्याण कोषमा जम्मा गरिनेछ र बाँकी ४० प्रतिशत रकम मध्ये ३० प्रतिशत प्रशासनिक खर्चमा गरिनेछ र १० प्रतिशत रकम कोष वृद्धि गरिने छ ।

(९) स्थानीय विकास कोषमा कार्यरत जनशक्ति, कोषको सम्पूर्ण नगद जिन्सी, लगानीमा रहेको रकम तथा चल अचल सम्पत्ति समेत स्वतः गाउँपालिकाको हुनेछ ।

**७. कोष सञ्चालन प्रक्रियाः**

(१) स्थानीय विकास कोषमा बार्षिक रुपमा जम्मा भएको रकम परिचालन गर्दा आर्थिक वर्षको शुरुवातमा सि.एम.सि. बैठकको निर्णयबाट माग भै आएको निवेदनहरु उपर सामुदायिक विकास कोष समाजिक परिचालन समितिले आवश्यक्ताको आधारमा विभिन्न संघसंस्था/समुह मार्फत लगानी गर्दा स्थानीय विकास कोष(सा. वि. कोष)ले सामुदायिक संस्थाहरुलाई अधिकतम १२ प्रतिशत वार्षिक व्याजदर कायम गरी ऋण पूँजी थोकमा सि एम सि र वडाको सिफारिसमा न्यूनतम १० प्रतिशत देखि ५० प्रतिशत सम्म ऋण घुम्तीकोष लगानी गर्न सक्नेछ वा कोषको अवस्था हेरी गाउँपालिका सामाजिक परिचालन समितिको निर्णय बमोजिम लगानी ब्याज थपघट गर्न सकिनेछ। सामुदायिक विकास कोष संस्था तथा कोष अन्तर्गतका आमा समुहलाई पनि ऋण लगानी गरिनेछ र ऋणको अधिकतम ब्याज १० प्रतिशत र सेवा शुल्क अधिकतम २ प्रतिशत गरी ब्याज र सेवा शुल्क बापत कुल १२ प्रतिशत रकममा नबढ्ने गरी कोषलाई बुझाउने छ । वडा स्तरीय सामुदायिक विकास कोष स्थापना गरिएको हकमा कोषलाई ऋणपुँजि स्वरुप रकम दिंदा गाउँपालिका सामाजिक परिचालन समितिको निर्णय बमोजिम ब्याजदर थपघट गरी ऋण प्रवाह गर्न सक्नेछ । ऋणपुँजि स्वरुप वडा स्तरीय कोषमा गएको रकमको साँवा ब्याज छ(६) छ(६) महिनामा गाउँपालिका स्तरीय स्थानीय विकास कोष(सा.वि.कोष)मा साँवा ब्याज फिर्ता गर्नुपर्नेछ ।

(२) कोषले ऋण पुँजी उपलब्ध गराउनु पूर्व प्रत्येक सामुदायिक संस्थासँग ऋण लगानीका सर्तहरु, ऋण रकमको सीमा, ऋण लगानीको प्रक्रिया, व्याजदर, सेवा शुल्क, हर्जाना, ऋण रकमको सदुपयोग, ऋण रकमको अनुगमन, ऋण असुली प्रक्रिया र ऋण चुक्ता गर्ने जवाफदेही उल्लेख गरी सम्झौता वा साझेदारीको सहमति पत्र सम्पन्न गर्नुपर्छ । ऋणपूँजी लगानीको प्रस्ताव तथा आवदेन पत्रको ढाँचा अनुसूची-१ बमोजिमको हुनेछ ।

(३) गाउँ क्षेत्र भित्रका सामुदायिक संस्थाहरुलाई कोषबाट ऋण उपलब्ध गराउन सम्बन्धित वडा कार्यालयको सिफारिसमा ऋण लगानी गर्न देहाय बमोजिमको सिफारिस समिति रहनेछ ।

(क) अध्यक्ष/मेनेजरहरु मध्येबाट स्थानीय विकास कोष समितिले तोकेको एक जना

(ख) सम्बन्धित संस्थाको अध्यक्ष संयोजक सदस्य

(ग)सामाजिक परिचालक सदस्य सचिव

(४) उपदफा ३ बमोजिमको समितिले देहायका आधारमा ऋण लगानी गर्न सिफारिस गर्नेछ ।

(क) वडा कार्यालयको सिफारिस,

(ख) सम्बन्धित संस्थाको निणर्य प्रतिलिपि,

(ग) जग्गाधनी दर्ताप्रमाण पूर्जा,

(घ) जग्गाधनी दर्ता प्रमाणपूर्जा नभएमा सम्बन्धित संस्थाका कम्तीमा तीन जना सदस्यको जमानी,

(ङ) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।



(५) सामुदायिक संस्थाले कोषलाई बुझाउनु पर्ने सावाँ, व्याज र सेवा शुल्क तोकिएको समयमा नबुझाएमा भाखा नाघेको मितिले ऋण रकमको २ प्रतिशत थप दस्तुर लिइनेछ ।

(६) सामुदायिक संस्थाले कोषबाट लिएको रकम आवेदनमा तोकिएका आफ्ना सदस्यहरुलाई ऋण लगानी गरी ऋणीको साँवा, व्याज, सेवा शुल्क र हर्जाना तिर्नुपर्ने भए सो समेत संस्थालाई चुक्ता नगरी संस्थाले ऋण रकम व्याज, सेवा शुल्क, र हर्जाना समेत कोषलाई चुक्ता गर्न नसकेमा प्रचलित कानुन बमोजिम अशुल उपर गरिनेछ ।

(७) कोषले सामुदायिक संस्थालाई र सामुदायिक संस्थाले आफ्ना सदस्यहरुलाई ऋण लगानी गर्दा गरीबिको वर्गीकरणको आधारमा सबै भन्दा विपन्न वर्ग वा पिछडिएका महिला र पुरुषलाई प्राथमिकता दिनु पर्नेछ ।

**८. व्याज, सेवा शुल्क र हर्जाना मिनाहा दिन सक्नेः**

(१) प्राकृतिक प्रकोप, महामारी, दुर्घटना, कडा रोग वा अन्य यस्तै असाधारण परिस्थितिले गर्दा ऋण लिई गरेको काम सफल हुन नसकी ऋणीलाई साँवा रकम समेत घाटा हुन गएको र सो कारणले गर्दा ऋणीले सामुदायिक संस्थालाई ऋण चुक्ता गर्न नसक्ने परिस्थिति श्रृजना भएको कुरामा सामुदायिक संस्था विश्वस्त भै सर्वसम्मतिबाट निणर्य गरी ऋणीको व्याज, सेवा शुल्क र हर्जाना बापतको रकम मिनाहा दिन अध्यक्ष मेनेजर भेलाबाट सिफारिस गरी कोषलाई निवेदन गरेमा समितिले निणर्य गरी ऋणीको ऋण रकमको व्याज, सेवा शुल्क र हर्जाना पुरै वा आंशिक रुपमा मिनाहा दिने वा नदिने आवश्यक छानबिन गरी निणर्य गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम व्याज, सेवा शुल्क र हर्जाना मिनाहाको लागि ऋणीले सामुदायिक संस्थालाई आफ्नो लगानीमा घाटा हुन गएको आधार र कारण समेत उल्लेख गरी व्याज, सेवा शुल्क र हर्जाना मिनाहा पाउन आफ्नो आर्थिक अवस्था समेत उल्लेख गरी निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम ऋणीले सामुदायिक संस्थामा ऋण रकमको व्याज, सेवाशुल्क र हर्जाना मिनाहाको लागि निवेदन दिई सामुदायिक संस्था तथा अध्यक्ष मेनेजर भेलाबाट कोषमा सिफारिस भएपछि ऋण लगानी समितिले स्थलगत निरीक्षण गरी ऋणीको आर्थिक अवस्था र लगानी गरको उद्यम आयोजनाको बारेमा दिएको प्रतिबेदनको आधारमा समितिले मिनाहा दिने वा नदिने निणर्य गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम कोषले मिनाहा दिने निणर्य गरेमा सो निणर्यको जानकारी सम्बन्धित वडा कार्यालय, गाउँपालिका र सम्बन्धित संस्था तथा अध्यक्ष मेनेजर भेलालाई दिनुपर्नेछ ।

**९. कर्मचारी कल्याण कोष र सामाजिक सुरक्षा कोषको ब्यवस्थाः**

(१) जिल्ला समन्वय समिति स्थानीय विकास कोषबाट खटाईएका गाउँपालिका स्थानीय विकास कोषमा कार्यरत कर्मचारी सेवा निवृत्त भएमा वा अवकास हुँदा उपदान लगायतका सुविधाहरु उपलब्ध गराउन एक कर्मचारी कल्याण कोष स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम जम्मा हुनेछ ।

(क) जिल्ला समन्वय समितिबाट हस्तान्तरण भई आएको कर्मचारी कल्याणकोषको रकम,

(ख) गाउँपालिकाबाट कर्मचारी कल्याण कोषको लागि विनियोजित प्रत्येक वर्ष कम्तिमा एक महिना तलव बराबरको रकम,

(ग) स्थानीय विकास कोषमा लगानीमा रहेको घुम्ती कोषबाट प्राप्त व्याज आम्दानीको अधिकतम ६० प्रतिशत रकम एवं जि. स. स. बाट प्राप्त रकम

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम वा कोषमा बचत, ब्याज रकम एवं साविक सौ फर्साटिकर गा. वि. स. सामुदियक विकास कोषबाट हाल सा. वि. कोष वडा नं. ३ र सा. वि. कोष वडा नं. ४ बाट प्राप्त रकम

(ङ) जि. स. स. बाट प्राप्त रकम ।

(च.) गाउँपालिकाबाट प्राप्त रकम ।



(३) अवकाश हुँदाको बखत उपरोक्त कोषको रकमले नखामेमा दफा ९को उपदफा (२) को खण्ड ग, घ, ङ र च बमोजिमको रकममा यो ऐन जारी हुनु अघिको व्याज रकमबाटै वा वडाका सा.वि.कोष बाट ,गाउँपालिका र जि. स. स. बाट प्राप्त रकमबाटै निणर्य अनुसार थप गरी भुक्तानी गर्न सकिनेछ ।

(४) कर्मचारी कल्याण कोषको सञ्चालन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र सामाजिक परिचालन समितिका सचिव स्थानीय विकास कोषका उद्यम विकास सहजकर्ता अधिकृतको संयुक्त दस्तखतबाट हुनेछ ।

(५) योगदानमा आधारित सामाजिक सुरक्षा कोषको व्यवस्था गत विगत बर्ष देखि अविछिन्न रुपमा स्थानीय विकास कोषमा कार्यरत उद्यम विकास सहजकर्ता अधिकृत स्तरका कर्मचारीलाई कोष तथा गाउँपालिकाबाट सामाजिक सुरक्षा कोषको व्यवस्था गरिनेछ ।

**१०. स्थानीय विकास कोष (सा. वि. कोष)**

कोषको छुट्टै छाप हुनेछ । संस्थाले कोषको निणर्यानुसार व्यक्ति सरह चल अचल सम्पत्ति खरिद बिक्री गर्न र ऋण लिन दिन सक्नेछ ।तर संस्थागत ऋण लिदा/दिदा सामाजिक परिचालन समितिबाट स्वीकृति लिनुपर्नेछ ।

**११.वडा स्तरीय सामुदायिक विकास कोष गाउँ विकास कार्यक्रम सि. एम. सि. सञ्चालक समितिको गठनः**

(१) सामुदायिक विकास कोषलाई नियमित सञ्चालन गर्न सामुदायिक संस्थाका प्रतिनिधिहरुबाट देहायबमोजिमको सामुदायिक विकास कोष सि. एम. सि. सञ्चालक समिति गठन गरिनेछ ।

(क) सामुदायिक संस्थाका अध्यक्ष वा मेनेजरहरुको बैठकबाटछनौट गरिएको एक जना अध्यक्ष

(ख) सामुदायिक संस्थाका अध्यक्ष वा मेनेजरहरुको बैठकबाट छनौट गरिएको एकजना उपाध्यक्ष

(ग) अध्यक्ष वा मेनेजरहरुबाट दलित/जनजाति/ मुस्लिम/अन्य लक्षित वर्ग मध्ये कम्तिमा दुई जना महिला सहित ५ जना सदस्य मध्ये १ जना सदस्य सचिव

(घ) स्थानीय विकास कोषका उद्यम विकास सहजकर्ता अधिकृत सदस्य

(२) अध्यक्ष र उपाध्यक्ष मध्ये एक जना महिला अनिवार्य हुनुपर्नेछ ।

(३) यसरी गठन गरिएको सामुदायिक विकास कोष , सि. एम. सि. सञ्चालक समितिको कार्यावधि ३ वर्षको हुनेछ ।

(४) कार्यक्रम सञ्चालनको सहजताको लागि अध्यक्ष मेनेजर भेलाबाट उपसमिति बनाई कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

**१२. समितिको बैठक र बैठक भत्ताः**

(क) समितिको बैठक कम्तिमा महिनाको एकपटक बस्नेछ । र बैठक भत्ता गाउँपालिकाको नर्म्स अनुसार हुनेछ ।

(ख) समितिको बैठक अध्यक्षले बोलाउनेछ र अध्यक्षले तोकेको मिति र समयमा बैठक बस्नेछ ।

(ग) समितिको निणर्य सामान्यतया सर्वसम्मत रुपमा हुनेछ र सो हुन नसकेमा सदस्यहरुको बहुमतबाट निणर्य पारित हुनेछ ।

(घ) समितिले कुनै व्यक्ति पदाधिकारी वा विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ । तर आमन्त्रित व्यक्ति वा सदस्यले आफ्नो धारणा राखे पनि मतदान गर्ने अधिकार हुने छैन ।

(ङ) समितिका पदाधिकारी तथा आमन्त्रित सदस्यहरुले बैठकमा उपस्थित हुँदा यातायत खर्च वापत रु. २००।- पाउनेछन ।

(च) कोषको सदस्यहरु व्यक्तिगत वा सामुहिक रुपमा सामुदायिक विकास कोष र गाउँपालिका प्रति उत्तरदायी हुनेछन ।

**१३. वडा स्तरीय सामुदायिक विकास कोष सि. एम. सि. सञ्चालक समितिको काम,कर्तव्य अधिकारः**

(क) सामुदायिक संस्थाहरुलाई संगठन,बचत र सीपको माध्यमबाट सशक्तिकरण गर्ने ।

(ख) स्थानीय आवश्यकता अनुसारको कृषि पशुपालन तथा अन्य आयआर्जन सम्बन्धी सीप तथा विकास योजना तयार गर्ने ।

(ग) आफ्नो बस्ती र समुदायलाई स्वच्छ,हराबरा बनाउने घरेलु सरसफाई गर्ने गराउर्ने ।

(घ) बालअधिकार तथा मानव अधिकारको संरक्षणबारे कार्य गर्ने ।



(ङ) सीप विकास,आयआर्जन तथा जिविको पार्जन जस्ता कार्यक्रम सञ्चालनको लागि विभिन्न सरकारी गैरसरकारी तथा निजी संघ संस्थाहरुसँग समन्वय,पैरवी र स्रोत जुटाउने ।

(च) सामुदायिक संस्थाहरुलाई परिपक्व बनाई सरकारी तथा संस्थागत विकासमा प्रतिस्पर्धी एवं रोजगारीमा प्रवर्धनशील बनाउने ।

(छ) सामुदायिक संस्थाहरुका सदस्यहरुको आर्थिक विकास र रोजगारी सहितको जिविकोपार्जनको लागि घुम्ती कोष उपलब्ध गराउने

(ज) घुम्तीकोष बिऊ पुँजिबाट सामुदायिक संस्थामा लगानी गर्दा आयमुलक, लघु उद्यम विकास, व्यवसायिक र सामुहिक खेति, पशुपालन, रोजगारीमूलक, सीपमुलक र उत्पादकत्व बढाउने किसिमका व्यवसाय गर्न प्रोत्साहन गर्ने ।

परिच्छेद-५

**कर्मचारी तथा विविध**

**१४. स्थानीय विकास कोष(सा.वि.कोष)मा कर्मचारी सम्बन्धी व्यवस्थाः**

(१) स्थानीय विकास कोषको गठन, सञ्चालन र सहजीकरण गर्न, सामुदायिक संस्थाहरु र तिनिहरुको क्षमता विकासमा कामहरु गर्न, अनुगमन र सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यहरुमा स्थानीय विकास कोषलाई आवश्यक समन्वय, सहयोग गर्न एक जना सामाजिक परिचालक रहनेछ ।

(२) यो ऐन निर्माण हुँदाको बखत जिल्ला समन्वय समिति स्थानीय विकास कोषबाट खटाईएका/हस्तान्तरण भई आएका कार्यरत उद्यम विकास सहजकर्ता अधिकृत कार्यरत रही रहेको र निज अवकाश भए पश्चात गाउँपालिकाले प्रचलित कानुन बमोजिम पदपूर्ति गर्न सक्नेछ ।

(३) कर्मचारीको सेवाको शर्त र सुविधा सम्बन्धमा गाउँपालिकाको पद, श्रेणी/तह मिल्ने अन्य कर्मचारी सरह हुनेछ ।

(४) स्थानीय विकास कोष अन्तर्गत सामाजिक परिचालनमा गत विगत बर्ष देखि अविछिन्न रुपमा कार्यरत उद्यम विकास सहजकर्ता अधिकृत ले २० वर्ष वा सोभन्दा बढी सेवा अवधि पुरा गरी वा अन्य कारणबाट सो अवधि नपुग्दै सेवाबाट अवकास हुन चाहेमा वा स्वेच्छाले राजिनामा दिएमा साविक स्थानीय निकायका स्थायी कर्मचारीहरुले पाए सरहको संचित विदाको रकम, औषधी उपचारको रकम र उपदानको रकम बराबरको हुने रकम एकमुष्ठ रुपमा स्थानीय विकास कोष (सा .वि. कोष) बाट र कर्मचारी कल्याणकोषको रकमबाट सेवानिवृत्त हुने कर्मचारीलाई भुक्तानी गर्न सकिनेछ ।

**१५. उद्यम विकास सहजकर्ता अधिकृत/सामाजिक परिचालकको काम, कर्तव्य र अधिकारः** उद्यम विकास सहजकर्ता अधिकृत /सामाजिक परिचालकको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

(क) स्थानीय विकास कोषको गठन, सञ्चालन र सहजिकरण गर्ने, सामुदायिक संस्थाहरु परिचालन र तिनिहरुको क्षमता विकासका कामहरु गर्ने, सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यहरुमा स्थानीय विकास कोषलाई सहयोग गर्ने ।

(ख) सामुदायिक संस्थाहरुको वार्षिक लेखापरीक्षण गराउन सहयोग गर्ने ।

(ग) सामाजिक विकास सँग सम्बन्धित क्षेत्रमा गाउँपालिका तथा वडा कार्यालयको काममा सहयोग गर्ने ।

(घ) गाउँपालिकाको वस्तुस्थिति विवरण तयार गर्न सहयोग गर्ने ।

(ङ) लैङ्गिक उत्तरदायी योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्न सहयोग पुऱ्याउने ।

(च) गाउँपालिकाको आर्थिक विकास, सामाजिक विकास शाखाबाट हुने कार्यहरु गर्ने ।

(छ) स्थानीय विकास कोषको( सामुदायिक विकास कोष) वार्षिक लेखापरीक्षण गराउन सहयोग गर्ने ।

(ज) गाउँपालिकाले तोकेका अन्य कार्यहरु गर्ने ।

**१६. विविधः**

(१) यस ऐनको कार्यान्वयनको क्रममा आवश्यकता अनुसार गाउँ कार्यपालिकाले निणर्य गरी परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

(२) यस अघि सामुदायिक विकास कोषसँग सम्बन्धित कामहरु यसै ऐन अनुसार भए गरेको मानिनेछ ।



अनुसूची-१

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

शुद्धोधन गाउँपालिका

स्थानीय विकास कोष समिति मानपकडी, रुपन्देही मितिः- ..................

सामुदायिक संस्थाको नामः-

दर्ता मितिः-

परिपक्वता भएको मितिः-

अध्यक्ष, मेनेजर भेलाबाट सिफारिस मितिः-

ऋणपूँजी माग प्रस्ताव तथा आवेदन

१) जिल्ला ...................... गा.पा. ......................... सामुदायिक संस्था .......................................का सम्पूर्ण सदस्यहरुको मिति .......................... मा बसेको .......... औं बैठकबाट सर्वसम्मतिले निणर्य भए अनुसार तपसिल बमोजिमका सदस्यहरुलाई क्र.सं. .......... देखि .......... सम्मको उद्यम विकास आयोजना आय / आय आर्जन कार्यक्रम सञ्चालन गर्नको लागि रु. ..................................अक्षरेपी ............................................ ऋणपूँजी स्थानीय विकास कोषबाट उपलब्ध गराई दिन यो निवेदन गरेका छौं ।

| क.सं. | ऋणपूँजी माग गर्ने सदस्यहरुको नाम थर | लिंङ्ग | उद्देश्य | जम्मा रकम | | ऋण चुक्ता गर्ने अवधि | किस्ता | ऋणीको आर्थिक अवस्था | पिता/पति पत्नीको नाम | निवेदकको सही | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | समूहको लगानी | आवश्यक ऋण | | | | | हस्ताक्षर | दाँया | बाँया |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | |

२) मिति ..................................... सम्म संस्थाको वित्तीय विवरण यस प्रकार छ ।

(क) बैंकमा रहेको रकम रु. ............................

(ख) लगानीमा रहेको रकम रु. ........................

(ग) नगदमा रहेको रकम रु. ............................

(घ) कुल वचत रकम रु. ................................



३) मिति ........................... सम्मको ऋण पूँजीको स्थिति यस प्रकार छ ।

| उद्देश्य | सदस्यहरुको संख्या | जम्मा लगानी रु. | | असुली हुनुपर्ने | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

| | पूरण उपयोग भएको | आंशिक उपयोग भएको | दुरुपयोग भएको | | जम्मा लगानीमा रहिरहेको रु. | मिति पुगेको | |
|---|---|---|---|---|---|---|---|
| कृषि | | | | | | | |
| व्यापार | | | | | | | |
| पशुपालन | | | | | | | |
| अन्य | | | | | | | |

अध्यक्षको नाम ...............

दस्तखत .....................

मेनेजरको नाम ...............

दस्तखत .....................

४) सामाजिक परिचालकको नाम ....... दस्तखत

....................

५)उद्यमविकाससहजकर्ताअधिकृतको नाम ....... दस्तखत

....................

मिति ...........................

६) वडा कार्यालयको सिफारिस........................... सामुदायिक संस्थाले प्रस्ताव गरेको ऋणपूँजी रकम रु. ........................ अक्षरेपी ...................... उपलब्ध गराउन सिफारिस गरिन्छ ।

वडा अध्यक्षको नाम ..........

दस्तखत ....................

मिति .........................

६) स्थानीय विकास कोषःयस कोषमा रहेको अभिलेख अनुसार उल्लेखित सामुदायिक संस्थाले तिर्नु पर्ने कुनै पनि बाँकी रकम देखिदैन ।

कोषको तर्फबाट श्री .......

हस्ताक्षर ..................

मिति ................................



७) सामुदायिक संस्थाका सदस्यहरुको प्रतिबद्धताः-

हामी ...................... सामुदायिक संस्थाका तपसिलका सदस्यहरुले यो प्रतिबद्धता जाहेर गर्दछौं कि ऋण आवेदक सदस्यहरुले माग गरे अनुसारको रकम स्थानीय विकास कोषबाट लगानी भई भाखा भित्र नतिरेमा हामीहरुले दामासाहीले पर्न आउने रकमको सावाँ ब्याज स्थानीय विकास कोषलाई बुझाउने छौं । यदि नबुझाएमा यसै करारलाई आधार मानी हाम्रो जायजेथाबाट प्रचलित कानुन अनुसार असूल उपर गरेमा हाम्रो मञ्जुर भनी दस्तखत गरिदियौं ।

| क.सं. | नाम थर | पद | उमेर | हस्ताक्षर | ल्याप्चे | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | दाँया | बाँया | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |
| ९ | | | | | | | |
| १० | | | | | | | |
| ११ | | | | | | | |
| १२ | | | | | | | |
| १३ | | | | | | | |
| १४ | | | | | | | |
| १५ | | | | | | | |
| १६ | | | | | | | |
| १७ | | | | | | | |
| १८ | | | | | | | |
| १९ | | | | | | | |
| २० | | | | | | | |
| २१ | | | | | | | |
| २२ | | | | | | | |
| २३ | | | | | | | |
| २४ | | | | | | | |
| २५ | | | | | | | |
| २६ | | | | | | | |
| २७ | | | | | | | |
| २८ | | | | | | | |
| २९ | | | | | | | |
| ३० | | | | | | | |



(८) गाउँपालिका स्थानीय विकास कोष(सा. वि. कोष) शाखाः-

(क) सामुदायिक संस्थाको खाता अध्ययन गर्दा बचत तथा ऋण परिचालन साथै ऋणपूँजी विवरण सन्तोषजनक/असन्तोषजनक देखिन्छ।
(ख) .............................. सामूदायिक संस्था.................... शुद्धोधन गा. पा. लाई उल्लेखित शर्तहरु र भुक्तानी कार्यक्रमको आधारमा ऋणपूँजी रकम रु. ................. अक्षरेपी........................................................ उपलब्ध गराउन मनासिव छ ।

लगानी गरिने मिति ................................
ऋण चुक्ता गर्ने अवधि .........................
भुक्तानी कार्यक्रम

| | | | | | | |
|---|---|---|---|---|---|---|
| मिति | | | | | | |
| साँवा रकम | | | | | | |
| ब्याज र सेवा, शुल्क रकम | | | | | | |
| जम्मा रकम | | | | | | |

९) स्थानीय विकास कोष/ सामाजिका परिचालन समिति/ऋण स्वीकृत उपसमितिको निणर्यः-.......................... शुद्धोधन गा. पा. अन्तर्गतको ....................सामुदायिक संस्थाबाट माग भई आएको रु. ............अक्षेरुपी ................................................................ माथि उल्लेखित शर्तहरु बमोजिम उपलब्ध गराउन समितिको मिति .........................मा बसेको बैठकले निणर्य गरे अनुसार स्वीकृत गरिएको छ ।

सचिव प्रमुख प्रशासकीय अधिकृत
अध्यक्ष
श्री.................................................. श्री...................................................
श्री........................................स्थानीय विकास कोष सा. प. समिति स्थानीय विकास कोष सा. प. समिति
स्थानीय विकास कोष सा. प. समिति
दस्तखत ...................... दस्तखत.......
दस्तखत ...........
मिति .......... मिति....
मिति ............

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०८१/०९/१९

आज्ञाले
विष्णु बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत